annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २५, अंक ४१, पृष्ठ ८ | काठमाडौं, बुधबार २७ जेठ २०८३ | ज्येष्ठ कृष्णपक्ष दशमी, नेपाल संवत् ११४६ | WEDNESDAY, JUNE 10, 2026 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

आवरण समाचार

# उत्तर अमेरिकामा फुटबलको महासंग्राम




**विश्व फुटबलको सबैभन्दा ठूलो उत्सव हो, फिफा विश्वकप। जसको २३औं संस्करण बिहीबार रातिदेखि उत्तर अमेरिकामा सुरु हुँदैछ। अमेरिका, क्यानडा र मेक्सिकोले संयुक्त रूपमा आयोजना गर्ने यो विश्वकप धेरै अर्थमा ऐतिहासिक बनेको छ। पहिलोपटक ४८ राष्ट्र सहभागी विश्वकपमा उज्वेकिस्तान, जोर्डन, केप भेर्डे र कुरासाओले डेब्यु गर्दै छन् भने ५ पटकको विश्वविजेता ब्राजिलले लगातार २३औं संस्करणमा सहभागिता जनाउँदै आफ्नो अद्वितीय कीर्तिमानलाई निरन्तरता दिनेछ। तीन देशका १६ सहरमा हुने रोमाञ्चक १ सय ४ खेलपछि एक टोलीले विश्व फुटबलको सर्वोच्च उपाधि उचाल्ने छ।**

विष्णु थापा | *काठमाडौं*
सुरज भण्डारी | *अमेरिका*

समाचार पृष्ठ २

# ४९ दिनपछि गृहमन्त्रीमा सुधनको 'कमब्याक'



सुरेन्द्र काफ्ले | *काठमाडौं*

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सांसद सुधन गुरुङ ४९ दिनपछि पुन: गृहमन्त्रीमा 'कमब्याक' भएका छन्। 'बिचौलियासँगको सम्बन्ध र अस्वाभाविक' सम्पत्ति विवरणमाथि प्रश्न उठेपछि गुरुङले पदबाट राजीनामा दिएका थिए। तर, उनको सम्पत्तिबारे छानबिनलगायतका विषयमा गठित समितिले प्रतिवेदन बुझाएको भोलिपल्टै गुरुङ गृहमन्त्रीमा पुन: नियुक्त भएका हुन्। गुरुङसँगै स्वतन्त्र सांसद महावीर पुनले पनि मंगलबार विज्ञान, प्रविधि तथा नवप्रवर्तन मन्त्रीका रूपमा शपथ लिएका छन्।

आफ्नो सम्पत्तिको स्रोतबारे प्रश्न उठेपछि नैतिकताको आधारमा गुरुङले गत वैशाख ९ गते गृहमन्त्रीबाट राजीनामा दिएका थिए। चैत १३ गते पहिलोपटक मन्त्री बनेका उनले मन्त्रिपरिषद्मा पुगेको २७ औं दिनमा राजीनामा दिनुपरेको थियो। पहिलोपटक मन्त्री बनेको भोलिपल्टै पूर्वप्रधानमन्त्री केपी शर्मा ओली र पूर्वगृहमन्त्री रमेश लेखकलगायतका उच्च पदस्थहरूलाई पक्राउ गर्न लगाएपछि उनी सर्वाधिक चर्चामा आएका थिए। गुरुङको राजीनामापछि गृह मन्त्रालय लामो समयसम्म नेतृत्वविहीन राखिएको थियो।

वालेन्द्र शाहको नेतृत्वमा बनेको सरकारका मन्त्रीहरूको सम्पत्ति विवरण सार्वजनिक हुँदा गुरुङको सम्पत्ति अस्वाभाविक देखिएको थियो। उनको सम्बन्ध बिचौलिया दीपक भट्टदेखि सुलभ अग्रवालसम्म रहेको विषय सार्वजनिक भएपछि सरकारले उच्च अदालतका पूर्वन्यायाधीश अच्युतरमण भण्डारीको संयोजकत्वमा छानबिन समिति गठन गरेको थियो। समितिले 'क्लिन चिट' दिएपछि गुरुङ पुन: गृहमन्त्रीमा दोहोरिएका छन्। प्रतिवेदन भने सार्वजनिक गरिएको छैन।

मंगलबार बसेको मन्त्रिपरिषद् बैठकले गुरुङसम्बन्धी छानबिन प्रतिवेदन ग्रहण गर्ने निर्णय गरेको सरकारका प्रवक्ता एवं शिक्षामन्त्री सस्मित पोखरेलले जानकारी दिए। प्रतिवेदन ग्रहण गरिएलगत्तै गुरुङलाई मन्त्री नियुक्त गरिएको हो। प्रतिवेदनमा गुरुङको सम्पत्ति, सेयर स्वामित्व र आर्थिक कारोबारबारे उठेका प्रश्नमा कुनै गम्भीर अनियमितता नदेखिएको निष्कर्ष निकालिएको स्रोतले जनाएको छ।

गुरुङ २०८२ फागुन २१ को निर्वाचनमा गोरखा क्षेत्र नं. १ बाट निर्वाचित भएका थिए। 'हामी नेपाल' नामक संस्थाका अध्यक्ष रहेका गुरुङ 'जेन-जी आन्दोलन' का नेतृत्वकर्ता हुन्। भदौ २३ र २४ गतेको घटनामा पानी बाँड्ने अभियानमार्फत प्रकट भएका गुरुङ पछिल्लो समय नेपाली सेनादेखि प्रधानमन्त्री शाहसम्मको निकट व्यक्तिका रूपमा चिनिन्छन्। बालेन सरकारको मन्त्रिपरिषद्बाट हट्ने गुरुङ दोस्रा व्यक्ति हुन्। यसअघि आफ्नी पत्नीले लिएको नियुक्तिसँग जोडिएको विवादका कारण दीपककुमार साह श्रममन्त्री बनेको दुई सातामै बाहिरिनु परेको थियो। गुरुङको पुनरागमन भए पनि साह भने अझै सरकार बाहिरै छन्।

## मागेकै मन्त्रालय पाएका महावीर पुन

स्वतन्त्र उम्मेदवारका रूपमा निर्वाचन जितेका महावीर पुन पनि दोस्रोपटक मन्त्री बनेका छन्। जेन-जी आन्दोलनपछि गठित सुशीला कार्की नेतृत्वको सरकारमा पुन शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री बनेका थिए। तर, निर्वाचनमा उम्मेदवार बन्नका लागि उनले पदबाट राजीनामा दिएका थिए।

विगतदेखि नै विज्ञान तथा प्रविधि मन्त्रालयलाई छुट्टै बनाउनुपर्ने माग राख्दै आएका पुनको चाहनाअनुसार नै सरकारले मन्त्रालयहरूको कार्यविभाजन हेरफेर गरी १८ वटा मन्त्रालय कायम गर्दा नयाँ विज्ञान तथा नवप्रवर्तन मन्त्रालय स्थापना गरेको हो। उनलाई सोही मन्त्रालयको जिम्मेवारी दिइएको छ। राष्ट्रिय आविष्कार केन्द्र सञ्चालन गरिरहेका पुन पछिल्लो समय आफ्नो आत्मकथा बिक्री गर्दै देश दौडाहामा निस्किएर चर्चामा रहेका थिए। मन्त्री पुनले पदभार ग्रहण गर्दै आफू पूरा समय पदमा नबस्ने घोषणा गरेका छन्। उनले भने, 'द्रुत गतिमा रात दिन काम गर्ने हो। रात दिन काम गरेर बढीमा तीन वर्ष बस्ने हो। मन्त्री भएर खाने हो। त्यसपछि म गर्दिनँ। जग बसालेर बलियो बनाएर नयाँ युवा भाइबहिनीलाई बनाउने हो।' सरकारको कार्यकाल ५ वर्षको भए पनि आफू छिटोछिटो काम गरेर जिम्मेवारी हस्तान्तरण गर्ने पक्षमा रहेको उनको भनाइ थियो।

**पहिलो निर्णय: दरबार हत्याकाण्डको अनुसन्धान**

गृहमन्त्री गुरुङले पदभार ग्रहण गरेसँगै २०५८ सालको दरबार हत्याकाण्डको फाइल पुन: खोल्ने पहिलो निर्णय गरेका छन्। २०५८ जेठ १९ गते नारायणहिटी राजदरबारमा भएको उक्त हत्याकाण्डमा राजा वीरेन्द्र, रानी ऐश्वर्य, युवराज दीपेन्द्र, अधिराजकुमारी श्रुति, अधिराजकुमार निराजनसहित राजपरिवारका ८ जना सदस्यको वंशनाश भएको थियो। यो हत्या प्रकरण अझै पनि रहस्यकै गर्भमा छ।

तत्कालीन समयमा प्रतिनिधिसभाका सभामुख रहेका तारानाथ रानाभाटको संयोजकत्वमा गठित उच्चस्तरीय समितिले बुझाएको प्रतिवेदनलाई सर्वसाधारणले अझै पनि विश्वास गर्न सकेका छैनन्। तत्कालीन प्रतिवेदनले युवराज दीपेन्द्रले आफूले मन पराएकी युवतीसँग विवाह गर्न नपाएको झोकमा र नशालु पदार्थ सेवन गरेको अवस्थामा राजपरिवारका सदस्यहरूको हत्या गरी आफैंलाई गोली हानेको निष्कर्ष निकालेको थियो।

» बाँकी पृष्ठ ५

# बाह्य सूचकमा रेकर्ड ब्रेक, आन्तरिक अर्थतन्त्र चुनौतीमै

सुनिता कार्की | *काठमाडौं*

नेपाल राष्ट्र बैंकले सार्वजनिक गरेको आर्थिक वर्ष २०८२/८३ को १० महिनाको आर्थिक तथा वित्तीय प्रतिवेदनले बाह्य सूचकमा रेकर्ड ब्रेक गरेको छ । आन्तरिक उत्पादन, बजार माग र सरकारी वित्त व्यवस्थापनमा भने संरचनात्मक चुनौतीहरू कायम रहेको छ । समीक्षा अवधिमा शोधनान्तर स्थिति ८ खर्ब ६३ अर्ब ५६ करोडको भारी बचतमा रहनु र विदेशी विनिमय सञ्चिति ऐतिहासिक रूपमा बढेर ३७ खर्ब ४ अर्ब ५५ करोड पुगेको छ ।

यो बचत निर्यातमा आधारित नभई विप्रेषणका कारणले भएको राष्ट्र बैंकको तथ्यांक छ । समीक्षा अवधिमा विप्रेषण आप्रवाह (रेमिट्यान्स) मा ४१.२ प्रतिशतको वृद्धि भएको छ । अघिल्लो वर्षको सोही अवधिमा विप्रेषण आप्रवाह १३.३ प्रतिशतले बढेको थियो । २०८३ वैशाख महिनामा विप्रेषण आप्रवाह २५७ अर्ब ४९ करोड रुपैयाँ रहेको छ । अघिल्लो वर्षको सोही महिनामा विप्रेषण आप्रवाह १६५ अर्ब ३० करोड रुपैयाँ रहेको थियो ।

यता, वैदेशिक व्यापारमा कुल वस्तु निर्यात १४.२ प्रतिशतले बढेर २ खर्ब ४८ अर्ब ९६ करोड पुगेको छ भने आयातमा भएको १४.८ प्रतिशतको वृद्धिले कुल व्यापार घाटालाई १४.९ प्रतिशतले बढाएर १४ खर्ब ४३ अर्ब ६८ करोड पुर्‍याएको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो निर्यात ७२.७ प्रतिशतले वृद्धि भएको थियो । यसले व्यापार सन्तुलन कायम गर्ने सरकारको राष्ट्रिय रणनीति र निर्यात प्रवर्द्धनका योजनाहरू प्रभावकारी कार्यान्वयनमा प्रश्न उठाएको छ ।

गन्तव्यका आधारमा भारत र अन्य मुलुकतर्फको निर्यात क्रमश: १६.१ प्रतिशत र ९.५ प्रतिशतले वृद्धि भएको छ भने चीनतर्फको निर्यातमा ४१.७ प्रतिशतले कमी आएको छ । वस्तुगत आधारमा भटमासको तेल, अलैंची, पाम तेल, चाउचाउ, जुटका सामानलगायतका वस्तुको निर्यात बढेको छ भने जिंक सिट, पार्टिकल बोर्ड, चिया, ऊनी गलैंचा, हस्तकलाका सामानलगायतका वस्तुको निर्यात घटेको छ ।

आर्थिक वर्ष २०८२/८३ को १० महिनामा कुल वस्तु आयात १४.८ प्रतिशतले वृद्धि भई १६ खर्ब ९२ अर्ब ६४ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो आयात १३.१ प्रतिशतले वृद्धि भएको थियो । वस्तु आयात गरिने मुलुकका आधारमा भारत, चीन र अन्य मुलुकबाट भएको आयात क्रमश: १०.६ प्रतिशत, २१.४ प्रतिशत र २०.७ प्रतिशतले वृद्धि भएको छ । वस्तुगत आधारमा पेट्रोलियम पदार्थ, रासायनिक मल, चाँदी, यातायातका उपकरण, सवारी साधन तथा स्पेयर पार्टस्, भटमासको कच्चा



तेललगायतका वस्तुको आयात बढेको छ भने हट रोल्ड सिट इन् क्वाइल, खानेतेल, लसुन, दाल, छड, क्वाइललगायतका वस्तुको आयात घटेको छ ।

समीक्षा अवधिमा होटल तथा पर्यटन क्षेत्रबाट हुने आय (सेवा आय ) ६८ अर्ब २२ करोडले घाटामा रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा खुद सेवा आय ७२ अर्ब १८ करोडले घाटामा रहेको थियो । समीक्षा अवधिमा भ्रमण आय २.२ प्रतिशतले कमी भई ७४ अर्ब १८ करोड कायम भएको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो आय ७५ अर्ब ८३ करोड रहेको थियो । भ्रमण व्यय ३.४ प्रतिशतले कमी भई १ खर्ब ७७ अर्ब ८७ करोड कायम भएको छ । यसमध्ये शिक्षातर्फको व्यय १ खर्ब २० अर्ब ५० करोड रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा भ्रमण व्यय १ खर्ब ८४ अर्ब २२ करोड रहेकोमा शिक्षातर्फको व्यय १ खर्ब १२ अर्ब थियो ।

**मूल्यवृद्धि बढ्यो**

१० महिनाको औसत उपभोक्ता मुद्रास्फीति २.६६ प्रतिशतमा सीमित देखिएको छ । तर, वैशाख महिनाको वार्षिक विन्दुगत मुद्रास्फीति तीव्र गतिमा बढेर ५.०४ प्रतिशत पुगेको छ । विशेषगरी गैरखाद्य तथा सेवा समूहमा भएको ५.२६ प्रतिशतको मूल्यवृद्धिले सर्वसाधारणको दैनिक जीवनयापनको लागत द्रुत रूपमा बढाइरहेको छ ।

गैरखाद्य तथा सेवा समूहअन्तर्गत विविध वस्तु तथा सेवा उपसमूहको वार्षिक विन्दुगत उपभोक्ता मूल्य सूचकांक १९.९० प्रतिशत, यातायातको १५.३० प्रतिशत, शिक्षाको ५.५४ प्रतिशत, मदिराजन्य पेय पदार्थको ४.७७ प्रतिशत र कपडा तथा जुत्ता चप्पलको ४.७३ प्रतिशतले बढेको छ । समीक्षा महिनामा ग्रामीण क्षेत्रको वार्षिक विन्दुगत उपभोक्ता मूल्य सूचकांक ४.३५ प्रतिशतले र सहरी क्षेत्रको वार्षिक विन्दुगत उपभोक्ता मूल्य सूचकांक ५.२९ प्रतिशतले बढेको छ ।

प्रदेशगत रूपमा समीक्षा महिनामा कोशी प्रदेशको वार्षिक विन्दुगत उपभोक्ता मुद्रास्फीति ५.६४ प्रतिशत, मधेस प्रदेशको ५.४७ प्रतिशत, बागमती प्रदेशको ४.५५ प्रतिशत, गण्डकी प्रदेशको ४.८६ प्रतिशत, लुम्बिनी प्रदेशको ५.३१ प्रतिशत, कर्णाली प्रदेशको ४.८८ प्रतिशत र सुदूरपश्चिम प्रदेशको ४.६५ प्रतिशत रहेको छ । समीक्षा महिनामा काठमाडौं उपत्यकाको वार्षिक विन्दुगत उपभोक्ता मुद्रास्फीति ४.९० प्रतिशत, तराईको ५.५९ प्रतिशत, पहाडको ४.७३ प्रतिशत र हिमालको ३.७३ प्रतिशत रहेको छ ।

**कर्जा विस्तार निराशाजनक**

१० महिनाको अवधिमा बैंकमा निक्षेप परिचालन ९.४ प्रतिशतले बढ्दा निजी क्षेत्रतर्फको कर्जा विस्तार जम्मा ५.७ प्रतिशतमा खुम्चिएको छ । यसले बैंकिङ प्रणालीमा पैसा थुप्रिए पनि बजारमा नयाँ लगानी, उद्यमशीलता र आर्थिक क्रियाकलाप ठप्प रहेको देखाउँछ । बैंकहरूको निक्षेपको ब्याजदर ३.३५ प्रतिशत र कर्जाको ब्याजदर घटेर ६.७३ प्रतिशतमा सीमित हुँदा समेत निजी क्षेत्रले कर्जा लिन नचाहनुले आन्तरिक बजारमा माग र व्यावसायिक आत्मविश्वास नराम्ररी खस्किएको छ ।

यसैगरी, सरकारी वित्त व्यवस्थापनको अवस्था पनि अत्यन्तै कमजोर र चुनौतीपूर्ण रहेको तथ्यांकले देखाउँछ। समीक्षा अवधिमा सरकारी खर्च ११ खर्ब ७३ अर्ब ५२ करोड पुग्दा राजस्व संकलन भने ९ खर्ब ८८ अर्ब ५५ करोड छ ।